(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ सङ्ख्याः७ राजपत्रमा प्रकाशित मितिः२०८०/१०/२२

## भाग १

## विराटनगर महानगरपालिका

विराटनगर महानगरपालिकाको १३ औं नगरसभाबाट जारी भएको

# महानगर बहुप्राविधिक शिक्षालय ऐन (पहिलो संसोधन), २०८०

# महानगर बहुप्राविधिक शिक्षालय ऐन (पहिलो संसोधन) २०८०

*प्रमाणिकरण मिति: २०८०/१०/२१*

**प्रस्तावना:** विराटनगर महानगरपालिकाबाट जारी गरिएको महानगर बहुप्राविधिक शिक्षालय ऐन २०७८ लाई संशोधन गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नगर सभाले यो ऐन जारी गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम महानगर बहुप्राविधिक शिक्षालय ऐन (पहिलो संसोधन) २०८० रहेको छ ।

२. यो ऐन तुरुन्त लागु हुने छ ।

**३. मूल ऐनको परिच्छेद १ दफा २ ण संसोधन**: मूल ऐनको दफा २ ण मा देहाय बमोजिम संसोधन गरिएको छ ।

ण. प्रिन्सिपल वा प्राचार्य भन्नाले महानगर बहुप्राविधिक शिक्षालय, विराटनगरको प्राचार्यलाई सम्झनु पर्नेछ ।

**४. मूल ऐनको परिच्छेद ३ दफा १० मा उपदफा ७ र ८ थप :** मूल ऐनको दफा १० को उपदफा ६ पछि देहाय बमोजिम उपदफा ७ र ८ थप गरिएको छ ।

(७) निर्देशक नियुक्ती नभएसम्मका लागि यस ऐन वा ऐन वमोजिम बनेका कानूनमा निर्देशकले गर्ने भनि तोकिएका कार्यहरु प्राचार्यले गर्नुपर्नेछ ।

(८) निर्देशक र प्राचार्य दुवै पद रिक्त भएमा कार्यपालिकाले महानगरपालिकाको कुनै अधिकृतस्तरको कर्मचारी वा शिक्षालयको कर्मचारीलाई निर्देशकको कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

**५. परिच्छेद ५ दफा २५ को उपदफा २ संसोधन :** मूल ऐनको दफा २५ को उपदफा २ मा देहाय बमोजिम संसोधन गरिएको छ ।

(२) शिक्षालयको वैक खाता संचालन निर्देशक र शिक्षालयको लेखा प्रमुखको संयूक्त दस्तखतबाट संचालन हुनेछ । निर्देशक र लेखा प्रमुख नियुक्ति नभएसम्म प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखाको कर्मचारीबाट संचालन गरिनेछ ।

**६. परिच्छेद ५ दफा २६ क थप :** मूल ऐनको दफा २६ पछि देहाय बमोजिम दफा २६ क थप गरिएको छ ।

२६.क सम्वन्धन लिन सक्ने सम्वन्धमा बिराटनगर महानगरपालिकाले विश्व विद्यालयहरुसँग सम्वन्धन प्राप्त गरी शिक्षालयमा प्राविधिक तर्फका अन्य तह तथा विषयमा कक्षा संचालन गर्न सक्नेछ ।

**७. अनुसूचि १ संगठनात्मक ढाँचा संसोधन :** मूल ऐनको दफा ८ बमोजिमको शिक्षालयको संगठन संरचनामा देहायवमोजिम संसोधन गरिएको छ।

